# गरिबी न्यूनीकरणका लागि सीप विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रमले निर्दिष्ट गरेको गरिबी न्यूनीकरणका लागि सीप विकास तालिम तथा वस्तुगत सहयोग सञ्चालन गरी गरिबीको रेखामुनी रहेका जनताको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार गर्ने उद्देश्यले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रम अनुरुप गरिबीको रेखामुनी रहेका जनताका लागि तालिम तथा वस्तुगत सहयोग कार्यक्रम र गरिबी निवारणका लागि लक्षित वर्ग आयआर्जन विशेष कार्यक्रम कार्यान्वयन गर्न, प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद– १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "गरिबी न्यूनीकरणका लागि सीप विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यक्रम" भन्नाले गरिबी न्यूनीकरणको लागि लक्षित वर्गको आयआर्जनका लागि सीप विकास तालिम र गरिबीको रेखामुनी रहेका जनताको लागि वस्तुगत सहयोग कार्यक्रमलाई सम्झनु पर्छ।

(ख) "गरिबीको रेखामुनी रहेका जनता" भन्नाले सम्बन्धित स्थानीय तहबाट विपन्न तथा अति गरिब भनी सिफारिस भई आएका दफा ४ को उपदफा (२) अनुसारको व्यक्ति वा परिवारलाई सम्झनु पर्छ।

(ग) "परिवार" भन्नाले एकासगोलमा तथा सगोलको आम्दानी खर्चमा चल्ने वा एउटै भान्सामा खानपान गरी एकै ठाँउमा बस्ने एक वा एक भन्दा बढी व्यक्तिहरुको समूहको नेपाली नागरिकका परिवारलाई सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) "लक्षित वर्ग" भन्नाले गरिबीको रेखामुनी रहेका परिवारका सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ९ को उपदफा (१) बमोजिम गठन भएको कार्यक्रम व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(छ) "सीप विकास तालिम" भन्नाले गरिवी न्यूनीकरणको लागि लक्षित वर्ग आयआर्जन विशेष कार्यक्रमका लागि अनुसूची-१ बमोजिमका आधारभूत सीप विकास तालिमहरुलाई सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले प्रदेश नं. ५ भित्रका गाउँपालिका सम्झनु पर्छ।

(झ) "तालिम प्रदायक" भन्नाले विभिन्न विषयमा सीपमूलक तालिम प्रदान गर्ने उद्देश्यले स्थापना भएका सरकारी निकाय वा कानुनी रुपमा दर्ता भएका नीजि वा गैरसरकारी संस्था भन्ने सम्झनु पर्दछ ।

३. <u>उद्देश्यः</u> यस कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेका छन् :-

(क) गरिबहरुका माग सम्बोधन हुने खालका कार्यक्रम सञ्चालनमा सहयोग गर्ने,

(ख) गरिबीको रेखामुनी रहेका जनताको आयआर्जनमा वृद्धि गर्न व्यवसायिकता मार्फत उद्यमशीलता तर्फ उत्प्रेरीत गर्ने।

## परिच्छेद– २

## <u>सीप विकास तालिम सञ्चालन विधि</u>

४. **<u>सहभागीहरुको छनौटः</u>** (१) कार्यक्रम सञ्चालनको लागि इच्छुक व्यक्तिहरुलाई कार्यक्रममा सहभागी हुन मन्त्रालयले अनुसूची-५ बमोजिमको १५ दिने सूचना जारी गर्नेछ।

(२) यस कार्यक्रममा सहभगी हुन चाहने गरिबीको रेखामुनी रहेका लक्षित वर्गका परिवारका सदस्यको पहाडको हकमा ३ रोपनी र तराईको हकमा ५ कठ्ठा भन्दा कम जग्गा जमिन परिवारको नाममा भएको, परिवारको कुनै सदस्य सरकारी वा अन्य कुनै संगठित संस्थामा रोजगार नभएको, कुनै पेशा व्यवसायबाट हुने पारिवारिक मासिक आम्दानी रु १०,०००।०० भन्दा कम भएको वा नेपाल सरकार गरिब घरधुरी सर्वेक्षणमा अति गरिब वर्गको प्रमाण-पत्र पाएको घरपरिवारको सदस्य) हरुले अनुसूची-६ बमोजिमको विवरण भरी सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ।

(३) सीप विकास तालिम भौगोलिक विकटता, बजेटको उपलब्धता र मानव विकास सुचकाङ्कमा पछाडि रहेका आधारमा मुख्य मन्त्री ग्रामीण विकास कार्यक्रम लागू भएका स्थानीय तहहरुमा मन्त्रालयबाट निर्णय गरी सञ्चालन गरिनेछ।

(४) सम्बन्धित स्थानीय तहले उपदफा (२) अनुसार प्राप्त निवेदनहरुको प्राथिमिकीकरण गरी अनुसूची-७ अनुसारको सिफारिस सहित सक्कलै निवेदनहरु समेत संलग्न राखी मन्त्रालयमा पठाउनु पर्नेछ।स्थानीयतहले प्राथमिकीकरण गरी पठाएको सूचीको आधारमा मन्त्रालयले तालिममा सहभागी गराउने परिवारको नामावली तयार गर्नेछ।

(४) मन्त्रालयले तयार गरेको नामावलीमा कुनै गुनासो भएमा जानकारी/उजुरीको लागि ७ दिनको म्याद राखी मन्त्रालयले नामावली सहितको सूचना प्रकाशन गर्नेछ।

(५) स्थानीय तहको सिफारिसमा प्राप्त भएको गरिबीको रेखामुनी रहेका लक्षित वर्गका परिवारको नामावली कार्यक्रम व्यवस्थापन समितिले आवश्यक ठानेमा अनुगमन तथा स्थलगत प्रमाणीकरण गरी संशोधन गर्न सक्नेछ।

(६) स्थानीय तहको सिफारिसमा प्राप्त भएको गरिबीको रेखामुनी रहेका लक्षित वर्गका परिवारको नामावलीको सिफारिसमा प्रश्न उठेमा वा कार्यक्रम व्यवस्थापन समिति विश्वस्त हुन नसकेमा समितिले उक्त सूची सच्चाई पुनः सिफारिस गर्न अनुरोध गर्न सक्नेछ।

(७) सम्बन्धित स्थानीय तहबाट कार्यक्रमका लागि सिफारिस भई आएको लक्षित वर्गका परिवारको नामावलीबाट कार्यक्रम व्यवस्थापन समितिले तालिममा सहभागीताको लागि सिफारिस गर्नेछ।

५. <u>तालिम सञ्चालन प्रक्रिया</u> : (१) छनौट भएका व्यक्तिलाई उनिहरुको मागको आधारमा अनुसूची-१ मा उल्लेखित मध्ये कुनै एक विषयमा आधारभूत सीप विकास तालिममा सहभागी गराइनेछ। तर माग भएको विषयमा तालिम सञ्चालन गर्न तालिम प्रदायक निकाय वा फर्म/संस्था/कम्पनी उपलब्ध नभएमा सो विषयको तालिम सञ्चालन गरिने छैन र सो को जानकारी सम्बन्धित स्थानीय तह मार्फत गराइनेछ।

(२) छनौटमा परेका व्यक्ति तथा परिवारलाई तालिम दिँदा सरकारी स्वामित्वका तालिम प्रदायक निकाय वा सम्बन्धित विषयमा कानूनी रुपमा दर्ता भएका निजी तालिम प्रदायक फर्म/संस्था/कम्पनी मार्फत दिइनेछ।

(३) सरकारी स्वमित्वका तालिम प्रदायक निकाय वा तालिम सञ्चालन गर्न स्थापना भएका निजी फर्म/संस्था/कम्पनीहरुलाई मन्त्रालयमा पेश गर्न सक्ने गरी अनुसूची -१ बमोजिमका तालिम सञ्चालन लागि अनुसूची -२ बमोजिमको ढाँचामा १५ दिनको म्याद दिई प्रारम्भिक प्रस्ताव माग गरिनेछ।

(४) तालिम प्रदायक संस्थाले अनुसूची-३ बमोजिमको निवेदन साथ सूची दर्ताको लागि पेश गर्नुपर्नेछ।

(५) प्रारम्भीक प्रस्ताव अध्ययनको आधारमा मन्त्रालयले सरकारी स्वमित्वका तालिम प्रदायक निकायसँग वा तालिम सञ्चालन गर्न स्थापना भएका निजी फर्म/संस्था/कम्पनीहरु वा दुवै निकाय मार्फत तालिम सञ्चालन गर्न सक्नेछ।

(६) तालिमका सहभागी संख्या र तालिम गर्ने स्थान यकिन भैसकेपछि मन्त्रालय वा कार्यालयले सूचिकृत भएका तालिम प्रदायक निकायहरुबाट नियमानुसार सूचना प्रकाशन गरी विस्तृत प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिनेछ।

(७) तालिम प्रदायक निजी फर्म/संस्था/कम्पनीहरु प्रस्ताव पेश गर्दा अनुसूची-४ बमोजिमको ढाँचामा तालिम सञ्चालनको विस्तृत प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ।

(८) तालिम प्रदायक फर्म/संस्था/कम्पनीको छनौटका लागि मूल्याङ्कनका आधारहरु कार्यक्रम व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

(९) छनौट भएका फर्म/संस्था/कम्पनीसँग अनुसूची-८ बमोजिमको सम्झौता गरी तालिम सञ्चालन गरिनेछ।

(१०) तालिम सम्पन्न भए पश्चात सहभागीहरुलाई सीप विकास तलिम प्राप्त गरेको प्रमाण-पत्र प्रदान गरिनेछ।

(११) कार्यक्रमका सहभागीहरुको सेवा सुविधा तथा सीप विकास तालिम सञ्चालन खर्चसम्बन्धी व्यवस्था प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ बमोजिम हुनेछ।

(१२) कार्यक्रम सञ्चालनका लागि आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहका कर्मचारी र मुख्य मन्त्री ग्रामीण विकास कार्यक्रमका सहजकर्ताहरु परिचालन गर्न सकिनेछ र परिचालन गर्दा निजहरुलाई प्रचलित कानून बमोजिम सुविधा उपलब्ध गराउन सकिनेछ।

६.**<u>रकम भुक्तानी प्रक्रिया</u>**: सीप विकास तालिम कार्यक्रमको भुक्तानी प्रक्रिया देहायबमोजिम हुनेछ :-

(क) स्वीकृत कार्ययोजना बमोजिम तोकिएको मापदण्ड अनुसार सूचीकृत फर्म/संस्था/कम्पनीबाट सीप विकास तालिम सञ्चालन गरी मन्त्रालयमा पेश गरेको बिल भरपाई अनुसार तालिम सम्पन्न गरेको सुनिश्चितताको आधारमा सम्झौता बमोजिमको रकम उपलव्ध गराईने छ।

(ख) कार्यक्रम सञ्चालनको लागि छनौट भएका तालिम प्रदायक फर्म/संस्था/कम्पनीलाई कार्ययोजनामा तोकिएका क्रियाकलापको कार्यसम्पन्नता पश्चात भुक्तानी दिने पद्धति (Post Paid Payment System) अनुसार रकम भुक्तानी गरिनेछ।

(ग) सम्झौतामा उल्लेख गरिएको अवधि भित्र कार्यसम्पन्न गरी सक्नुपर्नेछ। तर काबु बाहिरको परिस्थितिको कारण सम्झौता अवधि भित्र कार्यसम्पन्न गर्न नसक्ने भएमा आधार र कारण उल्लेख गरी म्याद समाप्त हुनु भन्दा सात दिन

अगाडि म्याद थपको निवेदन दिनु पर्नेछ। म्याद थप सम्बन्धी अन्तिम निर्णय मन्त्रालयको हुनेछ।

(घ) छनौटमा परेको तालिम प्रदायक फर्म/संस्था/कम्पनीले कामको प्रगतिको आधारमा सो को आर्थिक प्रतिवेदन सहितको फोटो, बिल, भर्पाई, तालिमका सहभागीहरुको दैनिक हाजिरी साथै आवश्यक अन्य कागजात पेश गरिसकेपछि कार्य सम्पन्नताको आधारमा बिल बमोजिम आवश्यक चेकजाँच गरी रकम भुक्तान गरिनेछ।

(ङ) प्रशिक्षार्थीले नियमानुसार पाउने सुविधा भुक्तानी गर्दा सोझै भुक्तानी वा तालिम प्रदायक संस्था मार्फत हुनेछ।

## परिच्छेद– ३

## वस्तुगत सहयोग कार्यक्रम सञ्चालन विधि

७. **वस्तुगत सहयोगको लागि छनौट:** (१) मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम लागू भएका स्थानीय तहहरुबाट सिफारिस भई छनौट भएका र दफा ५ अनुसार तालिम लिएका व्यक्तिहरु मात्र यस कार्यक्रममा सहभागी हुन सक्नेछन ।

८. **वस्तुगत वा नगद सहयोग सहयोग वितरण प्रक्रिया:** (१) दफा ५ अनुसारको तालिममा सहभागी भएका व्यक्तिहरुलाई सम्बन्धित विषयमा पेशा व्यवसाय गर्न आबश्यक पर्ने मेसिनरी औजार, उत्पादन सामग्री वा पेशागत सुरक्षाको लागि आबश्यक पर्ने पोशाक खरिद गर्न खुद परल मुल्यको ९० प्रतिशत ननाघ्ने गरी बढीमा ३० हजार नगद अनुदान वा वस्तुगत सहयोग उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा १ अनुसारको अनुदान वा वस्तुगत सहयोग प्राप्त गर्न तालिम समापनको बेला प्रशिक्षण संस्थाको सहयोग र समन्वयमा कार्य योजना तयार गरी पेश गर्नुपर्नेछ।

(३) स्वीकृत भएको अनुदान रकमको सीमा भित्र रही मन्त्रालय वा कार्यालय आफैले वा स्थानीय तह मार्फत नगद वा वस्तुगत सहयोग वितरण गर्न सक्नेछ। वस्तुगत सहयोग उपलब्ध गराउँदा सहभागीले कुल लागतको कम्तीमा १० प्रतिशत खर्च रकम आफै भुक्तानी गर्नुपर्नेछ भने नगद अनुदान वितरण गर्दा अनुदानग्राहीले पेश गरेको बिल भर्पाईको आधारमा कुल लागतको ९० प्रतिशतमा नबढ्ने गरी बढिमा रु ३० हजार सम्म उपलब्ध गराइनेछ।

(४) प्रशिक्षार्थीहरुले योजना अनुसारको नगद सहयोग प्राप्त गर्न तालिम समापन भएको आर्थिक वर्ष भित्रै बढीमा ३ महिना भित्र आंफुले खरिद गरेको सामानको बील भरपाई सहित अनुसूची-९ बमोजिमको सम्बन्धित स्थानीय तहको सिफारिस समेत संलग्न राखी भुक्तानी माग गर्नुपर्नेछ।

(५) नगद वा वस्तुगत सहयोग वितरण सम्बन्धी कार्य सम्बन्धित स्थानीय तह वा जिल्ला सदरमुकाम वा आवश्यकता अनुसार अन्य स्थानहरुमा समेत गर्न सकिनेछ।

(६) कार्यक्रम सञ्चालनका लागि आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहका कर्मचारीहरु वा स्थानीय तह हेर्ने मुख्य मन्त्री ग्रामीण विकास कार्यक्रमका सहजकर्ताहरु परिचालन गर्न सकिनेछ र उक्त कार्यमा परिचालन गर्दा निजहरुलाई प्रचलित कानून बमोजिम सुविधा उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद -४

## समिति सम्बन्धी व्यवस्था

९. **निर्देशक समिति** : यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछः

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | -अध्यक्ष |
| (ख) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| (ग) | महाशाखा प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | -सदस्य सचिव |

(२) निर्देशक समितिले आवश्यक ठानेमा बढीमा तीन जना सम्म विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१०. **कार्यक्रम व्यवस्थापन समिति**: (१) यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव ,भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | -अध्यक्ष |
| (ख) | प्रमुख,योजना तथा अनुगमन महाशाखा | -सदस्य |
| (ग) | प्रमुख,खाद्य सुरक्षा तथा कृषि ब्यबसाय प्रवर्द्धन महाशाखा | -सदस्य |
| (घ) | प्रमुख,पशुपन्छी विकास महाशाखा | -सदस्य |
| (ङ) | प्रमुख,प्रशासन तथा सहकारी विकास महाशाखा | -सदस्य |
| (च) | आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (छ) | सम्बन्धित कार्यक्रम हेर्ने मन्त्रालयको अधिकृत | -सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) तालिमको विषय र पाठ्यक्रम तालिम प्रदायक निकायको समन्वयमा निर्धारण गर्ने,

(ख) स्थानीय तहबाट सिफारिस भई आएका गरिबीको रेखामुनी रहेका जनतालाई वस्तुगत सहयोगको लागि सिफारिस गर्ने,

(ग) प्राप्त निवेदनको आधारमा तालिम तथा प्रशिक्षार्थी संख्या निर्धारण गर्ने,

(घ) सीप विकास तालिम सञ्चालन गर्ने स्थान तोक्ने,

(ङ) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने।

## परिच्छेद -५

## अनुगमन र समन्वय

११.**अनुगमनको व्यवस्थाः** (१) अनुदान प्राप्त व्यक्ति वा तालिम प्रदायक संस्थाले गर्ने कार्यक्रमको अनुगमन गर्ने मुख्य दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ। साथै मन्त्रालय तथा मन्त्रालय मातहतका निकाय र प्रदेश सरकारका सरोकारवाला निकायहरुले संयुक्त वा छुट्टा छुट्टै अनुगमन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा दिएको निर्देशनको पालना गर्नु तालिम प्रदायक संस्था/कम्पनी/फर्म तथा अनुदानग्राही कर्तव्य रहनेछ।

१२. **समन्वयः** मन्त्रालयले कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्वन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

## परिच्छेद-६

## विविध

१३. **कारवाहीको व्यवस्थाः** कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय र अन्तर्गतका निकायहरुले दिएका निर्देशन तथा जारी गरेका ऐन, नियम तथा नीतिहरुको पालना गर्नु पर्नेछ। सम्झौता बमोजिमको कार्य नभएको खण्डमा नियमानुसार कारवाही हुनेछ।

१४. **बाधा अड्चन निरुपण एंवम् संशोधनः** (१) यस कार्यविधि कार्यान्वयनमा केही बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

(२) आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिको संशोधन गर्न सक्नेछ।

(३) मन्त्रालयले यस कार्यविधिको अनुसूचीहरुमा आवश्यकता अनुसार थपघट गर्न सक्नेछ।

## अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्वन्धित)

***आधारभूत सीप विकास तालिमहरु***

| सि.नं. | सीप बिकासका क्षेत्रहरु | कैफियत |
|---|---|---|
| १ | सिकर्मी तथा फर्निचर सम्बन्धी तालिम | तालिम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| २ | डकर्मी तथा रङ्गरोगन सम्बन्धी तालिम | तालिम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ३ | प्लम्बर सम्बन्धी तालिम | तालिम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ४ | कपाल काट्ने तालिम | तालिम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ५ | जुस, जाम, जेली, अचार, आदि उत्पादन तथा प्रशोधन सम्बन्धी तालिम | तालिम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ६ | कृषि यन्त्र उपकरण सञ्चालन तथा मर्मत तालिम | तालिम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ७ | च्याउ खेती | तालिम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ८ | कुखुरा/हाँसपालन | तालिम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ९ | मौरीपालन | तालिम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |

## अनुसूची-२

(दफा ५ को उपदफा (३) सँग सम्वन्धित)

*सीप विकास तालिम सञ्चालनका लागि सूची दर्ता र प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हानको ढाँचा*

प्रदेश सरकार

प्रदेश नं. ५

### भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### बुटवल, रुपन्देही

सूची दर्ता/ प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति:.........................

यस मन्त्रालयको आ.व. २०७६।०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गरिबी न्यूनीकरणका लागि सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले उक्त तालिमहरु सञ्चालनका लागि तालिम प्रदायक संस्था/फर्म/कम्पनी मार्फत सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक संस्था/फर्म/कम्पनीले यो सूचना प्रकाशन भएको मितिले .................... दिन भित्र यस मन्त्रालयबाट जारी भएको गरिवी न्यूनीकरणका लागि सीप विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६ को अनुसूची-१ मा उल्लेखित आधारभुत (एक देखि दुइ हप्ते ) तालिम सञ्चालनका लागि अनुसूची-३ बमोजिमको सूची दर्ताका लागि आवदेन-पत्र/ अनुसूची-४ बमोजिमको प्राविधिक तथा आर्थिक विवरण उल्लेख गरी मन्त्रालयमा प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

# अनुसूची-३

(दफा ५ को उपदफा (४) सँग सम्वन्धित)

*<u>सूची दर्ताको लागि आवेदन-पत्रको ढाँचा</u>*

श्रीमान् सचिव ज्यू,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं ५, बुटवल।

विषयः गरिबी न्यूनीकरणको लागि लक्षित वर्ग आयआर्जन विशेष कार्यक्रमका लागि सीप विकास तालिम सञ्चालनका सूचिकृत हुने सम्बन्धमा।

महोदय,

हाम्रो ........................................................ फर्म/संस्थाबाट ....................... जिल्ला, ............................म.न.प./उप.म.न.पा./न.पा./गा.पा.,........वडा नं. अन्तर्गत................. ............ स्थानमा............................................ तालिम सञ्चालन गर्ने उद्देश्यले दर्ता भएकोले त्यस मन्त्रालयबाट आह्वान गरिएको गरिबी न्यूनीकरणको लागि लक्षित वर्ग आयआर्जन विशेष कार्यक्रमका लागि सीप विकास तालिम सञ्चालन गर्नका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेका छौं।

१. फर्म/संस्थाको नामः
२. फर्म/संस्था/कम्पनीको संक्षिप्त परिचयः
३. यस अघि सञ्चालन गरेका तालिमहरुको बिवरणः
४. प्रस्तावित तालिम सञ्चालन गर्न सकिने स्थानः
५. तालिम सञ्चालनको विस्तृत विवरणः

| क्र.स. | आधारभूत तालिमको नाम | आधारभूत तालिमको अवधि हप्ता (दिन) | एक समूह सहभागी गराउन सकिने संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

नोटः सबै तालिमको पाठ्यक्रम तथा पाठ योजना छुट्टै संलग्न राखी पेश गर्नुपर्नेछ।

तपसिल:

(१)  संस्था/कम्पनी/फर्मको दर्ताको प्रमाण-पत्रको प्रतिलिपि

(२) संस्था/कम्पनी/फर्मको स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि

(३ संस्था/कम्पनी/फर्मको पछिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि

(४) संस्था/कम्पनी/फर्मको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि

(५) संस्था/कम्पनी/फर्म संचालकको नागरीकता प्रमाणपत्रको प्रतिलिपि

निवेदकको

फर्म/संस्था सञ्चालकको नामः

दस्तखतः

ठेगानाः

सम्पर्क नः

मोबाइल नः

इमेलः

मितिः

## अनुसूची-४

(दफा ५ को उपदफा (७) सँग सम्वन्धित)

### आधारभूत सीप विकास तालिम सञ्चालनको विस्तृत प्राविधिक तथा आर्थिक प्रस्तावको ढाँचा

श्रीमान् सचिव ज्यू,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं ५, बुटवल।

विषयः गरिबी न्यूनीकरणको लागि लक्षित वर्ग आयआर्जन विशेष कार्यक्रमका लागि सीप विकास तालिम सञ्चालन गर्नका लागि प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गरेको बारे।

महोदय,

हाम्रो ..................................................... फर्म/संस्थाबाट ....................... जिल्ला, ...........................म.न.पा./उप.म.न.पा./न.पा./गा.पा वडा नं. अन्तर्गत ................ ........... स्थानमा ........................................ तालिम सञ्चालन गर्ने उद्देश्यले दर्ता भएकोले त्यस मन्त्रालयबाट आव्हान गरिएको गरिबी न्यूनीकरणको लागि लक्षित वर्ग आयआर्जन विशेष कार्यक्रमका लागि सीप विकास तालिम सञ्चालन गर्नका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेका छौं।

१. फर्म/संस्था/कम्पनीको नाम तथा ठेगाना:
२. फर्म/संस्था/कम्पनीको संक्षिप्त परिचयः
३. यस अघि सञ्चालन गरेका तालिमहरुको बिवरणः
४. प्रस्तावित तालिम सञ्चालन गर्न सकिने स्थानः
५. तालिम सञ्चालनका लागि आवश्यक जनशक्ति
६. तालिम सञ्चालनको विस्तृत आर्थिक प्रस्तावको विवरण:

| क्र.स. | आधारभूत तालिको नाम | आधारभूत तालिमको अवधि दिन | सहभागी सङ्ख्या (जना) | तालिम सञ्चालन खर्च रु. (प्रतिव्यक्ति) प्रशिक्षण | खाजा खर्च रु. (प्रतिव्यक्ति) | खाना खाजा तथा आवास खर्च (प्रतिव्यक्ति) | जम्मा खर्च रु. (प्रतिव्यक्ति) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सामग्री सहित | | | | |
| १. | | | १० देखि १५ | | | | | |
| | | | १६ देखि २० | | | | | |
| | | | २१ देखि २५ | | | | | |
| २. | | | | | | | | |

नोट: सबै तालिमको पाठ्यक्रम तथा पाठ योजना छुट्टै संलग्न राखी पेश गर्नुपर्नेछ ।प्रशिक्षार्थीहरुको सुविधा सम्बन्धि व्यवस्था प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्यीता समबन्धी निर्देशिका, २०७५ भित्र रहेर गर्नु पर्नेछ।

तपसिल:

(१) संस्था/कम्पनी/फर्मको दर्ताको प्रमाण-पत्रको प्रतिलिपि
(२) संस्था/कम्पनी/फर्मको स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि
(३ संस्था/कम्पनी/फर्मको पछिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि
(४) संस्था/कम्पनी/फर्मको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि
(५) संस्था/कम्पनी/फर्म संचालकको नागरीकता प्रमाणपत्रको प्रतिलिपि

निवेदकको
फर्म/संस्था सञ्चालकको नामः
दस्तखतः
ठेगानाः
सम्पर्क नः
मोबाइल नः
इमेलः
मितिः

## अनुसूची-५

(दफा ४ को उपदफा (१) सँग सम्वन्धित)

**सूचनाको ढाँचा**

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, रुपन्देही

सीप विकास तालिम तथा वस्तुगत सहयोगको लागि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः.........................

यस मन्त्रालयको आ.व. ................ को वार्षिक स्विकृत कार्यक्रम अनुसार मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम लागू भएका स्थानीय तहहरुमा गरिबी न्यूनीकरणका लागि तपसिल अनुसारका तालिम कार्यक्रम सञ्चालन हुने भएकोले उक्त तालिममा सहभागी भई वस्तुगत अनुदान सहयोग समेत प्राप्त गर्न चाहने ईच्छुक परिवारको नाममा पहाडको हकमा ३ रोपनी र तराईको हकमा ५ कठ्ठा भन्दा कम जग्गा जमिन भएको, परिवारको कुनै सदस्य सरकारी वा अन्य कुनै संगठित संस्थामा रोजगार नभएको, कुनै पेशा व्यवसायबाट हुने पारिवारिक मासिक आम्दानी रु १०,०००।०० भन्दा कम भएको वा नेपाल सरकार गरिब घरधुरी सर्वेक्षणमा अति गरिब वर्गको प्रमाण-पत्र पाएको परिवारका सदस्यहरुलाई सम्बन्धित स्थानीय तहमा अनुसूची -६ अनुसारको फारम भरी मिति भित्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।सम्बन्धित स्थानीय तहहरुलाई आफ्नो स्थानीय तहहरुबाट प्राप्त निवेदकहरु मध्येबाट प्राथमिकताक्रमानुसार सिफारिस सहित निवेदकहरुको सक्कलै निवेदन सहित पठाई दिनु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ।

## अनुसूची-६

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

*गरिवीको रेखामुनी रहेका जनताले सीप विकास तालिम तथा वस्तुगत सहयोगका लागि स्थानीय तहमा पेश गर्ने फारमको नमुना*

| फोटो |
|---|
| |

श्रीमान अध्यक्षज्यू,

................................... गाउँपालिका

...................................

**बिषयः** भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ बुटवलबाट सञ्चालन हुने गरिबी न्यूनीकरणको लागि लक्षित वर्ग सीप विकास तालिम तथा आयआर्जन विशेष कार्यक्रम सिफारिस गरी पाउँ भन्ने बारे ।

महोदय,

उपरोक्त विषयमा म यस ................................. पालिका वडा नं.........श्री ................................... भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बुटवलबाट सञ्चालन हुने गरिबी न्यूनीकरणको लागि लक्षित वर्ग सीप विकास तालिम तथा आयआर्जन विशेष कार्यक्रममा सहभागी हुन इच्छुक भएको हुँदा तपसिल अनुसारको बिवरण सहित उक्त तालिममा सिफारिस गरीदिनुहुन विनम्र अनुरोध गर्दछु ।

सहभागी हुन प्रस्ताव गरेको तालिमको नाम: (प्राथमिकता अनुसार तीन वटासम्म रोज्न सकिने)

(१) ...................................

(२) ...................................

(३) ...................................

**क) व्यक्तिगत तथा पारिवारिक विवरण**

१. नाम थर:

२. उमेर:

३. लिङ्ग

४. जन्म मिति:

५. नागरिकता नं:

६. शैक्षिक योग्यता :

७. वैवाहिक अवस्था :

८. पति/पत्नीको नाम थर :

९. बाबु/आमाको नाम थर :

१०. सम्पर्क मोवाईल नं :

११. स्थायी ठेगाना :

जिल्लाः

पालिकाः

वडा नं.

टोलः

१२. परिवारमा जम्मा सदस्य सङख्याः

०-१४ वर्षसम्मको सङख्या ........ १५-५९ वर्षसम्मको सङख्या .........

६० वर्ष माथिको सङख्या ...... अपाङ्गता भएको सङख्या ...........

**ख) परिवारको आर्थिक अवस्थाः**

१. परिवारको स्वामित्वमा जग्गाः छ/छैन

२. जग्गा भएमा जग्गाको क्षेत्रफलः ................रोपनी / कठ्ठा

३. परिवारको स्वामित्वमा रहेको जग्गाको अनुमानित मूल्यः रु........................ (प्रचलित बजार मूल्य अनुसार)

४. आफूले गरेको कृषि तथा पशुपछींजन्य उत्पादन तथा बिक्रीबाट वर्षभरी खानः .................पुग्दछ/पुग्दैन

५. पुग्दैन भने कति महिना पुग्दछः............... महिना पुग्दछ।

६. परिवारका कुनै सदस्य वैदेशिक रोजगारीमाः छ/छैन

७. वैदेशिक रोजगारीमा भएमाः ................ जना र मासिक आम्दानी ................ रुपैयां

८. परिवारका सदस्यहरु अन्य रोजगारीमाः छन/छैनन्

९. रोजगारीमा भएमाः .............. पेशामा छन् र मासिक आम्दानी ................ रुपैयां

१०. घरको किसिमः पक्की (आर.सी.सी)/ कच्ची ( माटो, ढुङ्गा, टायल, जस्ता )/ झुपडी (खर, छवाली)

११. परिवारले कुनै ऋण लिएकोः छ/छैन

१२. ऋण लिएको भए कति लिएकोः रु.............

१३. कुन उद्देश्यका लागि लिएकोः ....................

**ग) यस अघि कुनै तालिम प्राप्त गरेको भए सो को विवरणः**

१. तालिमको नामः

२. तालिमको अवधिः

३. तालिम दिने संस्थाको नामः

**घ) अनुदान माग गर्नुका कारणः**

१. हालको पेशा तथा भावी योजना :

| क्र.स. | हाल गरिरहेका क्रियाकलाप | परिणाम | अनुदानबाट थप गर्ने क्रियाकलाप | परिणाम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

२. स्थानीय तह/प्रदेश/नेपाल सरकारबाट विगत २ वर्ष भित्र कुनै सुविधा पाएको/नपाएको

पाएको भए :

| क्र.स. | कार्यक्रमको विवरण | अनुदान प्राप्त गरेको निकाय | प्राप्त रकम रु. प्राप्त गरेको वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |

माथि उल्लेख गरेका विवरण साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउला।

..............................................

निवेदकको हस्ताक्षर

मिति:

सही छाप

| बायाँ | दायाँ |
|---|---|
| | |

नोटः माथि उल्लेखित विवरणका साथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि र तालिम प्राप्त गरेको भए प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

## अनुसूची-७

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

*गरिबी न्यूनीकरणको लागि लक्षित वर्ग सीप विकास तालिम तथा आयआर्जन विशेष कार्यक्रमका स्थानीय तहको सिफारिसको नमुना*

श्री भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं ५, बुटवल।

तहाँ मन्त्रालयको मिति ...................... मा प्रकाशित सूचना अनुसार गरिबी न्यूनीकरणको लागि लक्षित वर्ग सीप विकास तालिम तथा आयआर्जन विशेष कार्यक्रमका लागि यस ...................... पालिकामा पर्न आएका निवेदनहरु मध्ये प्राथमिकताक्रम अनुसार ................ जना मुख्य उम्मेदवार तथा ................ जना वैकल्पिक उम्मेदवारको सूची तयार गरी निजहरुको सक्कल निवेदन समेत यसै साथ संलग्न राखी पठाइएको ब्यहोरा जानकारीको लागि अनुरोध छ।

तपसिल

| सि नं | नाम थर | ठेगाना वडा र टोल समेत खुल्ने गरी | कैफियत |
|---|---|---|---|
| १ | | | मुख्य उम्मेदवार |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| | | | |
| | | | वैकल्पिक उम्मेदवार |

हस्ताक्षरः ...............................................
नाम, थरः ...............................................
पदः ...............................................
कार्यालय/निकायः ...............................................
कार्यालय/निकायको छापः ...............................................

## अनुसूची-८

(दफा ५ को उपदफा (९) सँग सम्बन्धित)

<u>सम्झौता-पत्र</u>

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ मार्फत सञ्चालन गरिने आ.व................. को स्वीकृत कार्यक्रम गरिबी न्यूनीकरणको लागि लक्षित वर्ग आयआर्जन विशेष कार्यक्रमका लागि सीप विकास तालिम सञ्चालन गर्न श्री.............................. ..................................(यस पछि पहिलो पक्ष भनिने) र विशिष्टताका आधारमा छनौट भएका फर्म/संस्था/कम्पनी श्री..........................................................................(यस पछि दोस्रो पक्ष भनिने)बीच तपसिलका सर्तमानहरु लागू हुने गरी कार्यक्रम सम्पन्न गर्न मिति............... मा सम्झौता गरिएको छ।

१. यो सम्झौता पत्र....................................(प्रथम पक्ष) र.................................. (दोस्रो पक्ष) बीच गरिबी न्यूनीकरणको लागि लक्षित वर्ग आयआर्जन विशेष कार्यक्रमका लागि सीप विकास तालिम सञ्चालनका लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र शुरु गर्नु पर्नेछ।

४. सम्झौता भएको ............. दिन भित्र यो कार्यक्रम सम्पन्न गरी सक्नु पर्नेछ।

५. सीप विकास तालिम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि स्वीकृत रकम सम्झौता बमोजिम एकाउन्ट पेयी चेकबाट कार्यक्रम सम्पन्न भएपछि मात्र उपलब्ध हुनेछ।

६. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा लागत अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भए पश्चात आवश्यक चेकजाँच गरी भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

७. यस तालिम सञ्चालनको कुल सम्झौता रकम रु........................(भ्याट सहित वा बाहेक) हुनेछ।

८. यस सम्झौता बमोजिम कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

९. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए

बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरी आवश्यक कारबाही अगाडी बढाउने छ।

१०. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

११. यस सम्झौतामा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

| | |
|---|---|
| .......................... | ............................ |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| साक्षीहरु | साक्षीहरु |

मितिः २०........साल...............महिना...........गते ...........रोज शुभम्।

नोटः द्विपक्षीय सम्झौताका बखत उल्लिखित बुँदाहरुमा थपघट गर्न सकिनेछ।

## अनुसूची-९

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

*गरिबी न्यूनीकरणको लागि वस्तुगत वा नगद सहयोग प्राप्तीको लागि स्थानीय तहले गर्ने सिफारिसको नमुना*

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं ५, बुटवल।

विषयः सिफारिस गरिएको सम्बन्धमा।

तहाँ मन्त्रालयबाट मिति ........................... देखि मिति .......................सम्म.......................स्थानमा सञ्चालन गरिएको गरिबी न्यूनीकरणको लागि लक्षित वर्ग सीप विकास तालिममा सहभागी भई तालिम सम्पन्न गरेका तपसिल बमोजिमका व्यक्तिले प्राप्त गरेको तालिमसँग सम्बन्धित पेशा व्यवसाय सुरु गरेकोले निजले तहाँबाट पाउने वस्तुगत वा नगद सहयोग उपलब्धताको लागि तपसिल बमोजिमको विवरण सहित सफारीस गरिएको व्यहोरा अनुरोध छ।

| क्र स | नाम, थर | ठेगाना (पालिका, वडा,टोल) | सहभागी भएको तालिम | सुरु गरेको पेशा व्यवसाय | पेशा व्यवसायको जम्मा परल मूल्य रु. | मन्त्रालयमा माग गरेको रकम रु. | व्यक्ति स्वयमको लगानी रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

हस्ताक्षरः ................................................
नाम, थरः ................................................
पदः ................................................
कार्यालय/निकायः ................................................
कार्यालय/निकायको छापः ................................................

नोट: तालिम प्रदायक संस्था मार्फत वा मन्त्रालयले नै सहभागीहरुको माग अनुसार सामग्री वा अन्य औजार उपकरण उपलब्ध गराएकोमा यो सिफारिस आवश्यक पर्ने छैन।